# ४ मुक्ति

*यस अध्यायको निम्ति पढ्नुहोस्:* लूका १८:९-१४, यूहन्ना ६:४४, लूका १५:३-१०, मत्ती २०:२८, यूहन्ना ८:३४-३६, यूहन्ना ६:३५, ४७-५१।

*स्मरण गर्नुपर्ने पद:* "परमेश्वरले हामीलाई यस्तरी धेरै प्रेम गर्नुभयो कि हाम्रो निम्ति उहाँले आफ्नो एकमात्र पुत्रलाई दिनुभयो। प्रत्येक व्यक्ति जसले उहाँलाई विश्वास गर्छ त्यो मर्नेछैन तर त्यसले अनन्त जीवन पाउनेछ।" (यूहन्ना ३:१६ रूपान्तरित)।

"मृत्यु जीवनको एक भाग हो" भन्ने भनाई एकदम प्रचलित छ। अहँ, मृत्यु जीवनको भाग होइन तर जीवनको अन्त हो। हाम्रो जीवनमा मृत्यु यस्तरी सामान्य भइसकेको छ कि त्यसको बारेमा अनेकौं अनर्थहरू हामीहरूको मगजमा घुसिसकेको पाउँछौं। र साथै मृत्युको यथार्थ अर्थ नै हराइसकेको पाइन्छ। तर परमेश्वरको सहायता बिना हामीहरू सबैको भविष्य अनन्त मृत्युमा पस्नु निश्चित छ।

तर हामी आशा रहित हुनुपर्दैन। परमेश्वरले हामीलाई मृत्युबाट राहत दिने काम गरिसक्नुभएको छ। आफ्नो असिमित प्रेम पोखाएर परमेश्वरले ख्रीष्टद्वारा अनन्त जीवनको वरदान हामीलाई प्रदान गर्नुभएको छ। मसीह अर्थात् उद्धारकर्ताको जन्मको बारेमा घोषणा गरेर मरियमको कोषबाट जन्मिने बालकको नाउँ "येशू" राखिने छ भनेर स्वर्गदूतले मरियमलाई भनेका थिए। (हिब्रू भाषामा येशूको अर्थ मुक्ति हो)। "उहाँले उहाँका जनहरूलाई तिनीहरूको पापबाट उद्धार गर्नुहुनेछ" भनेर उक्त स्वर्गदूतले भविष्यवाणी गरेका थिए (मत्ती १:२१ रूपान्तरित)।

येशूले हामीहरूको मुक्तिको निम्ति के कदम चाल्नुभयो भनेर यस अध्यायमा छलफल गर्नेछौं। प्रथमतः हामीहरूको मुक्तिको आधार के हुन् भनेर हेर्नेछौं, अनि त्यसको नतिजा के हो भनेर पढ्नेछौं।

बाइबल एकदम स्पष्ट धर्मशास्त्र हो। हामीहरूको पापलाई के गर्ने भनेर केवल दुई आत्मनिर्णय हामीहरूको सामु उभ्याइएको छ।

हामीहरूले पापलाई माया गरेर पोसाएर राखियौं भने त्यसले हामीहरूलाई आगोको पोखरीमा खसालिने निश्चित छ। तर ख्रीष्टले क्रुसमा तिर्नुभएको हामीहरूको मोललाई स्वीकार गरेर अनन्त जीवन पाउने प्रावधानलाई ग्रहण गरेर सदासर्वदा जीवित रहने निर्णय पनि हामीहरूको सामु खडा गराइएको छ। यस अध्यायमा ख्रीष्टद्वारा परमेश्वरले दिनुभएको सदाशयी र उदार अनुग्रहको वरदानको समिक्षा गर्नेछौं। तर यतिखेर हामीहरूले नम्रतापूर्वक येशूलाई हामीहरूको व्यक्तिगत मुक्तिदाता भनेर स्वीकार गरेको आस्थालाई पुनः नविकरण गरौं।

## १. मुक्ति परमेश्वरको वरदान हो (यूहन्ना ३:१६)

हामीहरूको मुक्तिको लागि परमेश्वरले के गर्नुभयो भनेर यूहन्ना ३:१६मा दुई क्रियापदले वाख्या गरेको छ। ती दुईमा एक आपसको सम्बन्ध कस्तो निकट छ भनेर सोच्नुहोस्। हामीहरूको मुक्ति कसरी आउँछ भनेर ती दुई क्रियापदहरूले कसरी सिकाउँदछन्? हेर्नुहोस्: “किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो, कि उहाँले आफ्ना एकमात्र पुत्र दिनुभयो, ताकि उहाँमाथि विश्वास गर्ने कोही पनि नाश नहोस्, तर त्यसले अनन्त जीवन पाओस्।"

“प्रेम गर्नु" भन्ने क्रियाशब्द चाहे अङ्ग्रेजीमा होस् वा नेपालीमा होस् यस्तो सामान्य र हल्का भइसक्यो कि त्यसले परमेश्वरको सत प्रेमको वाख्या गर्ने प्रभावकारिता नै हराइसकेको भनेपनि हुन्छ। उहाँको प्रेमलाई ग्रीक भाषामा अझ राम्रो तरिकाले वाख्या गरेको पाइन्छ। त्यो हो “अगापे" (agape)। नयाँ करारमा अगापेसँग सम्बधित शब्दले आफ्ना जनहरूलाई परमेश्वरले गर्नुहुने बिनाशर्तको प्रेमलाई जनाउँछ। पापले गर्दा उहाँका जनहरू उहाँको माया वा प्रेमको अयोग्य छन्। (अधर्मको बाटोलाई समातीराख्न मनपराउने मानिसहरूलाई माया गर्नु परमेश्वरको बाध्यता छैन)। यद्यपि, प्रेम परमेश्वरको अत्यन्त महत्त्वपूर्ण स्वभाव हो। उहाँले हामीलाई केवल प्रेममात्र गर्नुहुन्न उहाँ आफै प्रेम हुनुहुन्छ (१ यूहन्ना ४:८)।

परमेश्वरको प्रेम उहाँको मुद्रा, भावुकता वा संवेदनामा भर पर्दैन। हामीहरू के गर्छौं सो मा उहाँको प्रेम बसालिएको हुँदैन। (जब

परमेश्वरले संसारलाई प्रेम गर्नुभयो भन्ने दिव्य वचन येशूबाट सुनियो त्यसको गहिरो अर्थचाहिँ यो होः उहाँले संसारभरिका सबै मानिसहरूलाई प्रेम गर्नुहुन्छ। ती मानिसहरू जोसुकै भएतापनि जे गरेतापनि वा नगरेतापनि उहाँको प्रेमबाट तिनीहरू अलगिएको हुँदैन। उहाँको घोर विरोधी नै किन नहोस्, उहाँलाई माया नगर्ने नै किन नहोस्, उहाँको दायरामा बस्न नचाहने नै किन नहोस् तिनीहरूलाई पनि परमेश्वरले प्रेम गर्नुहुन्छ। जातभात, धर्म, लिङ्ग, रंग, राष्ट्र, सिमाना, उमेर आदिको घेरामा उहाँको प्रेम आधारित छैन)।

देखावटी प्रेम वा माया हो कि साँच्चिकै हृदयदेखि मन खोलेर माया गरिन्छ सो प्रेम गर्ने मानिसको व्यवहारमा भरपर्छ। हामी मानव भएकै कारणले फलानालाई म माया गर्छु भन्ला अर्थात् मुखकै सामु माया गर्छु भन्ला। तर कतिपय समयमा आफूले माया गरेको भनि व्यक्त गरेको ठिक उल्टो व्यवहार गर्दछौं (१ यूहन्ना ३:१७,१८)। हामीहरूको व्यवहार हामीहरूको बोली भन्दा चर्को हुन्छ। परमेश्वरको त्यसको छैन। उहाँले हामीलाई कतिको प्रेम गर्नुभएको छ भनेर उहाँको ऐतिहासिक व्यवहारले देखाउँछ। परमेश्वरका छोराछोरी भएर हामी अनन्त जीवनको प्रत्याभूति हामीले पाउन सकौं भनेर उहाँले आफ्नो एकमात्र पुत्रलाई दिनुभयो। हाम्रो निम्ति आफूलाई रित्याउनुभयो, वा आफूसँग भएको सबै थोक उहाँले हामी माथि पोखाउनुभयो अर्थात् आफूलाई नै उहाँले हामीलाई दिनुभयो। उहाँको प्रेम केवल दर्शन वा भाषणमा होइन भनेर उहाँको त्यस क्रियाकलापले देखाउँछ।

त्यस करूणामय, प्रेमिलो, अनुग्रही, सदाशयी र महिमित परमेश्वरप्रति हामीहरूको मनस्थिति वा भावना कस्तो हुनुपर्छ भनेर लूका १८:९-१४ले देखाएको चित्रले तपाईं के भन्नुहुन्छ? "९ आफैंलाई मात्र धर्मी सम्झिने र अरूलाई हेला गर्ने मानिसहरूलाई येशूले दृष्टान्तको रूपमा यस्तो कथा भन्नुभयो, १० "फरिसी र कर उठाउने दुई मानिस मन्दिरमा प्रार्थना गर्न गए। ११ फरिसीले अलग्गै उभिएर यसरी प्रार्थना गर्‍यो, 'हे पिता, म तपाईंलाई धन्यवाद चढाउँछु किनकि म अरू मानिसजस्तो लोभी र बेइमानी छैनँ। मैले व्यभिचार गरेको छैनँ। म यो कर उठाउने मानिसजस्तो छैनँ। १२ म सातामा दुईपल्ट उपवास बस्छु र मैले पाएका सबै कुराको दश भागको एक भाग तपाईंलाई

चढाउँछु।' १३ तर कर उठाउने मानिसले चाहिँ टाढै उभिएर स्वर्गतिर हेर्ने आँटसम्म नगरी छाती पिट्दै भन्यो, 'हे परमेश्वर, म पापीमाथि दया गर्नुहोस्'!" १४ अनि येशूले कुरा टुङ्ग्याउँदै भन्नुभयो, "म तिमीहरूलाई भन्छु, त्यो फरिसी होइन बरु कर उठाउने मानिसचाहिँ परमेश्वरको सामुन्ने ठीक ठहरिएर घर फर्कियो। आफैं ठूलो हुन खोज्नेहरू सबै होच्याइनेछन् र आफैंलाई होच्याउनेहरू उच्च पारिनेछन्।"

येशूले भन्नुभएको यस अर्तिकथा हामीले धेरै धेरै पल्ट पढ्छौं। त्यस कथाको मूलसारलाई हामीले कहिले पनि विर्सनुहुन्न। उहाँले भन्नु भयो "म तिमीहरूलाई भन्दछु "ती कर उठाउने कर्मचारी परमेश्वरको माया पाएर घर फर्कियो। तर धर्मको भेष लगाउने फरिसी पण्डितचाहिँ परमेश्वरबाट रित्तै फर्कियो।" (लूका १८:१४ रूपान्तरित)। त्यस कथा सुन्ने कतिपय श्रोताहरू त येशूको कुरा सुनेर छक्क पनि परे होलान्। धर्म गर्ने वा धर्मको लागि खट्ने पण्डित गुरूहरूले परमेश्वरको माया पाएन रे! के यो न्यायोचित छ त?

हो, मानिसको अगाडि त्यो अन्याय भएको देखिन्छ। तर मुक्तिको बाटो त्यस्तै हो। मुक्ति मानिसहरूको धर्मकर्म, देखावटी धार्मिकतामा होइन तर परमेश्वरले सित्तैंमा दिने प्रक्रिया हो। उपहार काम गरेर आर्जन गरिन्दैन। दिएको उपहारलाई ग्रहण गर्ने वा नगर्ने प्रत्येक व्यक्तिको आत्मनिर्णयमा भर पर्छ। हामीले कुनै पनि मोल तिरेर मुक्ति पाउन सक्दैनौं। परमेश्वरले दिनुभएको मुक्तिलाई ग्रहण वा स्वीकार मात्र गर्नुपर्छ। अनुग्रह भन्ने शब्द येशूले धेरै पल्ट प्रयोग गर्नुभएन। तर उहाँको शिक्षादीक्षाले मुक्ति उहाँको अनुग्रहको उपहार हो भनेर स्पष्ट रूपमा सिकाउँदछ। अनुग्रह भनेको हामी योग्य नभएतापनि पाउने उपहार हो।

यदि तपाईंको कामधामले मात्र परमेश्वरले तपाईंलाई केही दिनुभयो भने तपाईंले के पाउनु होला? र त्यो किन होला?

## २. मुक्तिः परमेश्वरले चाल्नुभएको प्रथम् कदम (यूहन्ना ६:४४)

हामीलाई उपलब्ध गरिएको अनन्त जीवनको वरदानका सम्पूर्ण प्रावधानहरू परमेश्वरबाट नै चालिएको हुनाले त्यसको निम्ति उहाँप्रति आभारीत हुनुपर्छ भनेर सुसमाचारलाई सरल रूपमा पढ्नेले पनि थाहा

पाउनुपर्ने कुरो हो। हामीहरूको निमन्त्रणालाई स्वीकार गरेर यस संसारमा येशू आउनुभएको होइन। परमेश्वर पिताले हामीलाई अति प्रेम गर्नुभएकोले नै येशू यस संसारमा आउनुभएको थियो। परमपिता परमेश्वरले नै हामीहरूको हितको निम्ति प्रथम् कदम चाल्नुभएको थियो भनेर ख्रीष्ट आफैले विभिन्न ठाउँहरूमा भन्नुभएको थियो। जस्तै “उहाँले मलाई पठाउनुभयो", “पिताले जसले मलाई पठाउनुभयो" (यूहन्ना ६:४४, ७:२८, ८:२९, १२:४९)।

यूहन्ना ६:४४ अनुसार पिताले हाम्रो मुक्तिको निम्ति अरू के काम गर्नुहुन्छ? हेर्नुहोस्: “मलाई पठाउनुहुने पिताले खिँच्नुभएन भने कोही मकहाँ आउन सक्दैन, र म त्यसलाई अन्त्यको दिनमा जीवित पार्नेछु।"

पापको दलदलमा बस्न रुचाउने हामीहरूले स्वःत परमेश्वरलाई माया गर्दैनौं वा गर्न पनि चाहन्दैनौं। तर परमेश्वरले हामीलाई अति प्रेम गर्नुभएकोले नै उहाँको पुत्रद्वारा हामीलाई पाप क्षमा गर्नुभएर हामीहरूको मुक्तिको लागि बाटो खुला गर्नुभएको थियो (१ यूहन्ना ४:१०)। परमेश्वरको त्यस प्रेमलाई जान्ने आत्मज्ञानले गर्दाले नै हामी उहाँतिर खिँचिएका हुन्छौं।

परमेश्वर पिताले एकलौतिरूपमा हामीहरूको मुक्तिको निम्ति काम गर्नुहुन्न। उहाँको पुत्र पनि हामीहरूको मुक्तिको निम्ति सक्रिय हुनुहुन्छ। विशेष लक्ष्य लिएर यस संसारमा येशू आउनुभएको थियो। “मानिसको पुत्र हराएका वा यस संसारमा भौंतारिएकाहरूलाई खोज्न र उद्धार गर्न आएको हो।" भनेर येशूले स्पष्ट रूपमा यस संसारमा आफू ओर्लनको उद्देष्य खुलाउनुभएको थियो (लूका १९:१०)। जब जब हामी येशू हाम्रो निम्ति क्रुसमा पिडा भोगेर मर्नुभएको थियो भनेर याद गर्छौं तब तब हामी उहाँतिर खिँचिन्छौं (यूहन्ना १२:३२)।

हामीहरू पापको दलदलदेखि उत्रिएर परमेश्वरको राज्यमा बस्न योग्यको होऔं भनेर आफ्नो तिब्र चाहनालाई देखाउन परमेश्वर कतिसम्म प्रयास गर्न चाहनुहुन्छ भनेर लूका १५:४-१०ले कसरी बताउँछ? हेर्नुहोस्: “तिमीहरूमध्ये कुन मानिस होला, जसको एक सय भेड़ामध्ये एउटा हराउँदा उनान्सयलाई वनमै छोड़ेर हराएको भेड़ा नपाउञ्जेल त्यसको खोजी गर्दैन? ५ हराएको भेड़ा भेट्टाएपछि रमाउँदै

त्यसलाई आफ्नो काँधमा राख्छ, ६ र घरमा आएर उसले आफ्ना मित्रहरू र छिमेकीहरूलाई बोलाउँछ, र तिनीहरूलाई भन्छ, 'मसँग रमाओ, किनभने मैले आफ्नो हराएको भेड़ा पाएको छु।' ७ म तिमीहरूलाई भन्दछु, यसरी पश्चात्ताप गर्नु नपर्ने उनान्सय धार्मिक जनहरूका लागि भन्दा पश्चात्ताप गर्ने एक जना पापीको लागि स्वर्गमा अझ बढ़ी आनन्द हुनेछ।

८ "कुन स्त्री होली जसको दश चाँदीका सिक्कामध्ये एउटा हरायो भने बत्ती बालेर उसले त्यो नपाउञ्जेल घर बढ़ारिकन मेहनतसँग खोज्दिन? ९ हराएको सिक्का पाएपछि उसले आफ्ना मित्रहरू र छिमेकीहरूलाई बोलाएर भन्छे, 'मसँग रमाओ, किनभने मैले मेरो हराएको सिक्का पाएकी छु।' १० म तिमीहरूलाई भन्दछु, यसरी नै पश्चात्ताप गर्ने एक जना पापीको लागि परमेश्वरका स्वर्गदूतहरूका सामुन्ने आनन्द हुन्छ।"

उपरोक्त जुम्ल्याहा अर्तीकथाले हामी उहाँकहाँ आओस् भनेर उहाँ पर्खिरहनुभएको छैन भनेर खुलाइएको छ। बरू उहाँ अत्यन्त सक्रिय रूपमा हामीलाई खोजिरहनुभएको छ रे! हामीहरूले धर्मकर्म तथा अनेकन् प्रयास गरेर परमेश्वरलाई खोजिरहेका छैनौं तर उहाँले नै हामीलाई भेट्टाउन कडा परिश्रम गर्नुहुन्छ रे! चाहे हामी आफ्नै ढिपीमा भौंतारिरहेतापनि, टाढा टाढा जोखिम स्थानहरूमा अड्किरहेतापनि वा घरबार हराएर घरबार विहिन भएतापनि विभिन्न तरिकाले उहाँले हामीहरूलाई खोजिरहनुहुन्छ। जबसम्म उहाँले हामीलाई भेट्टाउनुहुन्न तब सम्म उहाँले कडा परिश्रम गरिनै रहनुहुन्छ।

"जब एकमात्र भेंडा यताउती जान्छ वा आफ्नो बगालमा हुँदैन तब गोठालो दुःखित र चिन्तित हुन्छ। उसले घरिघरि आफ्ना भेंडाहरू गन्छन्। जब एउटा भेंडा आफ्नो बगालबाट हराएको थाहा पाउँछ तब सुत्न सक्दैन। उसले उनान्सय वटा भेंडाहरूलाई खोरमा राखेर हराएको एउटा भेंडालाई खोज्न निस्कन्छ। हुनसक्छ ऊ अन्धकार रातमा र जोखिमपूर्ण स्थानहरूमा परिन्छ होला। तब तिनी झन चिन्तित भएर गम्भिररूपमा हराएको भेंडालाई खोजिरहेको हुन्छ। हराएको एउटा भेंडा भेट्टाउन उसले सकेसम्म सबै प्रयास जारी राखेको हुन्छ।

"जब भेंडाको मधुरो भ्याभ्या गरेको आवाज सुन्छ तब उनी अत्यन खुशी भएर राहत पाएको अनुभव गर्दछ। त्यस आवाजलाई

पछ्याउँदै पहाडको टुप्पासम्म ऊ पुग्दछ। जतिसुकै जोखिमपूर्ण पहाडको छेउमा जानुपरेतापनि आफ्नो ज्यानलाई बाजी लगाएर ऊ जान्छ। उसले आफ्नो खोजलाई जारी नै राखेको हुन्छ। जब भेँडाको आवाज टाढा टाढा हुँदै जान्छ तब उसलाई थाहा हुन्छ कि भेँडा मृत्युको पासोमा परिरहेको छ। तर जब हराएको भेँडालाई भेट्टिन्छ तब आफ्नो प्रयास सफल भएकोमा अत्यन्त खुशी हुन्छ।"-एलेन जी ह्वाइट, क्राइस्ट अबजेक्ट लेशनस्, पृ. १८८बाट रूपान्तरित। ४:३ ४०

## ३. मृत्युको आवश्यकता (मत्ती २०:२८)

"हेर, संसारको पाप उठाइ लैजाने परमेश्वरको पाठो!" भनेर बप्तिस्मा दिने यूहन्नाले येशूतिर लक्षित गरि सम्बोधन गरेका थिए (यूहन्ना १:२९ रूपान्तरित)। कुनै पनि इस्राएली अर्थात् यहूदीले त्यो चित्रणको अर्थ सजिलैसँग बुझेको हुन्छ। मन्दिरमा चढाएका पशु बलिहरू र पुरानो करारको धार्मिक इतिहासको ज्ञान प्रत्येक इस्राएलीलाई थाहा थियो। "परमेश्वर आफैले अग्नी बलिको निम्ति पाठो उपलब्ध गराउनुहुनेछ" भनेर अब्राहमले आफ्नो विश्वास परमेश्वरमा प्रकट गरेका थिए (उत्पत्ति २२:८ रूपान्तरित)। अनि उनको विश्वासै अनुसार इसहाकलाई अग्नी बलिदिनुको सट्टा परमेश्वरले झाङ्मा अल्झेको भेँडालाई उपलब्ध गराउनुभएको थियो (उत्पत्ति २२:१३)। पाप अर्थात् इजिप्टको दासत्वबाट छुटकारा पाउने वा पाएको प्रतिकको रूपमा इस्राएलीहरूले पाठोलाई मारेका थिए। पछि जब पवित्र मन्दिरको स्थापना भएको थियो, त्यसबेला प्रत्येक दिन दुई पाठाहरूको बलि चढाइन्थ्यो: एउटा बिहान र अर्को बेलुका (प्रस्थान २९:३८,३९)। ती सबै बलिप्रथाहरूको लक्ष्य मसीह अर्थात् परमेश्वरले अभिषेक गर्नुभएको उद्धारकर्ताको आगमनलाई देखाउनु थियो। "हामीहरूको पाप उहाँमा थुपारिएको हुनाले उहाँ भेँडालाई जस्तो मारिन लगिएको थियो" (यशैया ४३:६,७ रूपान्तरित)। "संसारको पाठ उठाइलैजाने परमेश्वरको थुमा" (यूहन्ना १:२९ रूपान्तरित) भनेर येशूलाई परिचय गराउँदा ख्रीष्टले मृत्युमा मानिसको निम्ति गरिने कार्यलाई देखाएको थियो।

आफ्नो सेवाकार्यभरि येशूले उहाँको मृत्युको बारेमा बारम्बार सम्बोधन गर्नुभएको थियो। तर येशू किन मर्नुपर्‍यो भन्ने विषयवस्तुलाई

बुझ्ना चेलाहरूलाई गाऱ्हो परेको थियो (मत्ती १६:२२)। विस्तारै विस्तारै येशूले उहाँको मृत्युको उद्देष्यको बारेमा तिनीहरूलाई बुझाउनुभएको थियो।

हामीहरूको बदलामा येशू मर्नुहुनेछ भनेर उहाँले भन्नुभएको केही उदाहरणहरू हेर्नुहोस्: मत्ती २०:२८ "त्यसरी नै म मानव पुत्र पनि अरूबाट सेवा पाउन होइन, तर अरूको सेवा गर्न र धेरैलाई छुटकारा दिन आफ्नै प्राण त्यागिदिन आएको हुँ।", यूहन्ना १०:११ " असल गोठालो म नै हुँ। असल गोठालोचाहिँ आफ्नो भेडा बचाउन मर्न पनि तयार हुन्छ।"

"आफ्नो मित्रहरूको निम्ति ज्यान दिने भन्दा महान् प्रेम अरू कुनै हुनसक्दैन।" (यूहन्ना १५:१३ रूपान्तरित)। येशूको बलिको बारेमा चेलाहरूले बुझ्न नसकेतापनि वा स्वीकार गर्न तत्काल असमर्थ भएतापनि उपरोक्त कथन सत्य हो। "धेरै मानिसहरूलाई पापबाट क्षमा दिनको निम्ति येशूले क्रुसमा आफ्नो रगत बगाउनुभएको थियो" (मत्ती २६:२८ रूपान्तरित)।

येशूले कसैसँग मोल लिएर मर्नुभएको होइन भन्ने तथ्य जान्नु जरुरी छ। जसरी पिताले आफ्नो एकमात्र पुत्रलाई यस संसारलाई प्रेम गर्नुभएकोले दिनुभएको थियो त्यसरी नै मानवजातको उद्धार गर्न पुत्रले आफ्नो जीवन दिनुभएको थियो। कसैले पनि उहाँलाई बलजफ्ति गरेर मार्न लगाएको थिएन। "ममा भएको जीवन कसैले पनि लिन सक्दैन। मेरो आफ्नै इच्छाले जीवन दिएको हुँ।" येशूले भन्नुभएको थियो (यूहन्ना १०:१८ रूपान्तरित)।

येशू ख्रीष्ट पाप उठाइ लैजाने परमेश्वरको थुमा हो भनेर त्यसबेलाको इस्राएलको मूल पुजारी केफासले स्वीकार गर्न चाहेको थिएन, त्यसकारण उहाँलाई मार्न उनले योजना बनाएका थिए। तर उनको योजनाले मानिसको बदलामा येशूलाई मारिने परमेश्वरको योजनालाई साकार पारेको थियो भनेर केफासले महसूस गर्न सकेको थिएन।

परमेश्वरले ख्रीष्टद्वारा तिनीहरूलाई के दिनुभएको थियो भन्ने कुराप्रति कतिपय मानिसहरू आभारित भएको छैन। हामी पनि त्यही धरापमा नपर्न के गर्नुपर्छ? जब हामी तकलिफको समय गुजारीरहेको

बेलामा त्यो मनस्थितिले हामीलाई आक्रमण गर्न किन सजिलो हुनसक्छ?

## ४. पापबाट स्वतन्त्र (यूहन्ना ८:३४-३६)

खीष्टबिना हामी पापको दासत्वमा परिरहेका थियौं। हामीहरूका दुष्ट आकांक्षाहरू हाम्रा स्वामी थिए। दुष्ट नियतको भुमरीमा परेको हामीहरूको विवेकले हामीलाई दास बनाएको थियो। हामीहरू सबै जना स्वार्थी संसारमा छौं। परमेश्वरलाई महिमा, इज्जत र सम्मान दिएर जिउनुको सट्टा हामी आफैलाई खुशी पारेर जिउन चाहेका थियौं। परमेश्वरले पाउनु पर्ने आदर हामीले पाउनुपर्ने मनस्थिति बोकेका थियौं। परमेश्वर बाहेक आफू वा अरूको दासत्वमा रहनु आत्मिक मृत्यु हो। अध्यात्मिक आत्महत्या हो। त्यो पाप हो जसको ज्याला मृत्यु हो।

तर पापको बन्धनमा परेकाहरू र नैराष्यले लादिएकाहरूलाई छुट्कारा दिन आफू आएको हो भनेर येशूले सार्वजनिक रूपमा घोषणा गर्नुभएको थियो (लूका ४:१८ रूपान्तरित)। तिनीहरू मानिसले बनाएका ईंटाका पर्खालहरू भित्र रहेका वन्दीहरू होइनन्। तर शैतानको चालखेलमा रहेका उसको स्वामित्वमा रहेका आत्मिक दासहरू हुन् (मर्कूस ५:१-२०, लूका ८:१,२)। बप्तिस्मा दिने यूहन्नालाई हेरोद राजाको झ्यालखानाबाट येशूले मुक्त गर्नुभएन। तर पापको सिक्रीले बाँधेकाहरूलाई उहाँले मुक्त गर्नुभएको थियो। दोषीका भार बोक्नेहरूलाई र अनन्त मृत्युको हकदारहुनेहरूलाई येशूले मुक्त गर्नुभएको थियो।

यूहन्ना ८:३४-३६मा येशूले हाम्रो निम्ति अति महान् प्रतिज्ञा दिनुभएको छ। हेर्नुहोस्: "३४ येशूले भन्नुभयो “साँच्चै, म तिमीहरूलाई भन्छु, पाप गर्नेचाहिँ पापको कमारा हो। ३५ अब कमारा त सधैंभरि घर-जहानको हुँदैन, तर घरको छोराचाहिँ सधैंभरि घर-जहानको हुन्छ। ३६ त्यसै गरी परमेश्वरको पुत्रले तिमीहरूलाई छुट्कारा दियौ भने तिमीहरूले साँच्चै छुट्कारा पाउनेछौ।"

येशूले "साँच्चै" भनेर प्रयोग गर्नुभएको शब्दले यो देखाउँदछ कि झुठो छुटकारा पनि हुँदो रहेछ। मानिसहरूलाई छुटकारा दिनेको

नाउँमा पापको दासत्वमा पार्न सक्छ भनेर पद ३६ले आभास दिँदछ। अब्राहमका सन्तान भएको हुनाले स्वःत हामी पापबाट मुक्त भएर बसेका छौं भनेर येशूका श्रोताहरूले ठानेका थिए। वंशको भरमा कोही पनि पापबाट मुक्त हुन सक्दैन। यस्तो खालको धरापमा हामी पनि पर्न सक्छौं। ख्रीष्टबाहेक अन्य कुराहरूमा भरपरेर मुक्ति दिलाउन खोज्ने शैतानको सापटी आश्वासनदेखि हामी अत्यन्त सतर्क हुनुपर्दछ। तर पाप र त्यसको श्रापबाट मुक्त गर्ने शक्ति ख्रीष्टमा बाहेक कसैसँग छैन। कहिलै पनि पापको दासत्वमा नपर्नुभएको येशूमात्र हामीहरूको उद्धारकर्ता (मसीह) र सत्य स्वतन्त्र दिलाउने व्यक्ति हुनुहुन्छ। उहाँले बाहेका हामीलाई पापबाट राहत कसैले दिन सक्दैन।

मानिसका पापहरूलाई क्षमा दिन येशू अत्यन्त आनन्द मान्नु हुन्थ्यो। जब चार जना मानिसहरूले पक्षाघातले ग्रष्त भएको मानिसलाई उहाँको सामु ल्याएका थिए उहाँलाई थाहा थियो कि त्यो रोगी मानिस उसको पापले गर्दा कष्ट भोगीरहेको थियो। त्यस मानिसले आफ्नो पापबाट पश्चाताप गरेको थियो भनेर उहाँलाई थाहा थियो। त्यस मानिसले येशूसँग दयाको भीक मागिरहेको आँखाले हेरेका थियो। ऊ क्षमाको निम्ति भोको भएको येशूले देख्नुभएको थियो। उसको सहायक केवल येशूमात्र हुनुहुन्छ भनेर उहाँमाथि आस्था राखेर उहाँकहाँ आएको थियो भनेर उहाँलाई थाहा पाउनुभएको थियो। त्यसकारण कोमल स्वरले येशूले त्यस व्यक्तिलाई यसरी सम्बोधन गर्नुभयो "बाबु, तिम्रा पापहरू क्षमा भयो" (मर्कूस २:५ रूपान्तरित)। त्यो जस्तो मिठास स्वर त्यस व्यक्तिले कहिलै पनि सुनेको थिएन। पापले गर्दा दोषको भार बोक्नु परेको र उदासीनताको बोझ उसको दिमागबाट गायब भएका थिए। क्षमाको शान्ति उसको आत्मामा भरिएको थियो। उसको आत्मिक र शारीरिक स्वास्थ्यलाभ उसले येशूमा पाएको थियो।

एक जना फरिसी पण्डित (सिमोन)को घरमा येशू भोज खाइरहनुभएको बेलामा एक जना पापी स्त्री (मेरी) देखा परेर उहाँको पाऊलाई अति सुगन्धित अत्तरले धुन्दै रोइरहेकी थिइन् (लूका ७:३७,३८)। त्यो दृष्य देखेर त्यो पण्डित उचित मानेन र त्यस स्त्रीदेखि झोक चलेको थियो। त्यस फरिसीको दिमागमा के घुमिरहेको थियो सो जानेर येशूले स्पष्ट रूपमा भन्नुभयो "हो, उनका पापहरू धेरै

छन्। तर तिनीहरू क्षमा भइसकेका छन्।"(लूका ७:४७ रूपान्तरित)। अनि सदाशयी येशूले मेरीतर्फ फर्केर भन्नुभयोः "तिम्रा पापहरू क्षमा भयो।" (लूका ७:४८ रूपान्तरित)।

हामीहरूले सुन्ने "...तिम्रा पापहरू क्षमा भयो" भन्ने शब्दहरू जस्तो उत्कृष्ठ शब्दहरू अरू केही होलान् र?

## ५. ख्रीष्टले हामीलाई कहिलै ननाशिने अनन्त जीवन दिनुहुन्छ (यूहन्ना ६:३५, ४७-५१)

हामीहरूको पापको कारणले गर्दा हामी जिउन योग्यका छैन अर्थात् पापले हामीलाई जीवनप्रति कृतज्ञ रहन हौशला दिइदैन। त्यसको मतलब हामी मर्नको योग्य ठहरिएका हुन्छौं। तर हामीले पाउनुपर्ने मृत्यु दण्ड येशूले क्रुसमा पाउनुभएको थियो अर्थात् हाम्रो पापको मोल उहाँले तिरीदिनुभयो। येशू निष्कलङ्क र निर्दोष हुनुहुन्थ्यो। तर हामीहरूको दोष उहाँले बोक्नुभयो र त्यसको नतिजा भोग्नुभयो ताकि हामी पापीहरू निर्दोषी जीवन बिताइयोस्। अनन्त मृत्युको सट्टा उहाँबाट हामीले अनन्तको जीवन पाउन सक्छौं। यूहन्ना ३:१५ले यो अचम्मको प्रतिज्ञा स्पष्टरूपमा प्रकट गर्दछः प्रत्येक व्यक्ति जो उहाँलाई विश्वास गर्छ वा उहाँमाथि आस्था राख्छ त्यो परमेश्वरसँग सदासर्वदा रहनेछ (रूपान्तरित)। यही प्रतिज्ञा यूहन्ना ३:१६को वाक्यांशमा कोरिएको छ।

कतिले भन्दछ अनन्त जीवन केवल येशूको दोस्रो आगमनपछिमात्र यथार्थमा परिणत हुन्छ। तर अनन्त जीवनको प्रतिज्ञा भविष्यमा नभएर वर्तमान काललें प्रकट गरिएको छः “जो मानिसले पुत्रलाई विश्वास गर्दछ उसमा अनन्त जीवन हुन्छ।" (यूहन्ना ३:३६ रूपान्तरित)। जो मानिसले ख्रीष्टलाई विश्वास गर्दछ त्यसमा अहिले नै “अनन्त जीवनमा रहिरहेको हुन्छ" र अन्तको समयमा ऊ “न्यायको सामु उभिनु पर्दैन" किनभने ऊ “मृत्युबाट जीवनमा पार भइसकेको हुन्छ" (यूहन्ना ५:२४ रूपान्तरित)। हाम्रो भौतिक शरीर मरेतापनि वा सुतेतापनि त्यो केवल क्षणिक निन्द्रामात्र हुनेछ। हामीहरूले भोग्ने निन्द्रारूपी मृत्युले अनन्त जीवनको प्रतिज्ञालाई निलम्बन गर्दैन।

जब हामी येशूलाई हाम्रो मुक्तिदाता भनेर ग्रहण गर्छौं तब हामीहरूको जीवनमा आमूल परिवर्तन आउँछ र जीवन नयाँ अर्थमा

मोडिन्छ। हामीहरू पूर्ण, मूल्यवान् र प्रशस्त जीवनको प्रत्याभूति पाउँदै जिउँछौं। येशूले यो दिव्य वचन बोल्नुभएको थियो "म आएँ ताकि तिनीहरूमा जीवन होस्। त्यो जीवन प्रशस्त वा प्रचुरमात्रामा होस् भनेर नै म आएको हुँ" (यूहन्ना १०:१० रूपान्तरित)। क्षणिक भरको सांसारिक मोजमज्जाको सट्टा येशूले एकदम फरकको जीवन हामीलाई उपलब्ध गराउन चाहनुहुन्छ। क्षणभरको रमाइलो जीवनले हामीलाई संतुष्ट पार्न सक्दैन। येशूले दिनुहुने जीवन वर्तमाननै अर्थमूलक हुन जान्छ। त्यसले हामीलाई संतुष्ट पार्दछ। प्रभु पाएपछि हामीलाई अरू के चाहिन्छ र भन्दै भरिपूरको जीवन भएको महसूस गर्दछौं। येशूमा केवल हामी आंशिक जीवनको पक्षमात्र होइन तर जीवनको सम्पूर्ण पक्षहरूलाई समेटेर अर्थमूलक बनाउँछ। धेरै रोगीहरूलाई येशूले निको पार्नुभएको थियो। तर शारीरिक रोगबाटमात्र होइन उहाँले आत्मिक जीवनलाई पनि पुनर्जीवित पार्न चाहनुहुन्छ। हामीहरूको पापलाई उहाँले सफा गर्न चाहनुहुन्छ। उहाँप्रति आस्थाले भरिएर आनन्दित जीवनको प्रत्याभूति हामीले पाएको उहाँ चाहनुहुन्छ। उहाँले दिनुहुने मुक्ति तत्कालै हुन्छ भन्नेप्रति उहाँ वचनबद्ध हुनुहुन्छ।

येशूलाई ग्रहण गर्दा हामीले कस्तो अनुभव गर्छौं भनेर शव्द चित्र कोर्नुभएको छ। त्यसले हामीहरूको दैनिक जीवनमा कसरी असर पार्न सक्छ हेर्नुहोस् यूहन्ना ६:३५ र ४७-५१ "येशूले तिनीहरूलाई भन्नुभयो "जीवनको रोटी म हुँ। मकहाँ आउने भोकाउनेछैन, र ममाथि विश्वास गर्ने कहिल्यै तिर्खाउने छैन।....४७ साँच्चै म तिमीहरूलाई भन्दछु, जसले विश्वास गर्छ त्यससित अनन्त जीवन छ।४८ म जीवनको रोटी हुँ। ४९ तिमीहरूका पिता-पुर्खाहरूले उजाड-स्थानमा मन्न खाए तापनि तिनीहरू मरेर गए। ५० स्वर्गबाट ओर्लिआउने रोटी यही हो, जसले यो खान्छ त्यो मर्नेछैन। ५१ स्वर्गबाट ओर्लिआएको जिउँदो रोटी म नै हुँ। कसैले यो रोटी खायो भने त्यो सधैंभरि जिउनेछ। र जुन रोटी म संसारका जीवनको लागि दिनेछु, त्योचाहिँ मेरो देह हो।"

अनन्त जीवन वा मुक्तिको बारेमा गम्भिर भएर सोच्नुहोस्। त्यो जीवन केवल सधैं बाँचिरहनेमात्र होइन। तर त्यो आशिषमय जीवन पनि हो। नयाँ पृथ्वीमा परमेश्वरसँग निकट रहेर आनन्दमय जीवन बिताउने

प्रतिज्ञा हामीलाई दिइएको छ। हामी यस संसारको रणभूमिमा छौं। तर प्रभु येशूप्रति हामीहरूको आस्था राखेर अहिले नै अनन्त जीवनको हर्षित जीवन बिताउन कसरी सुरू गर्ने?

## उपसंहारः

थप जानकारीः "द सिनरस् निड अभ क्राइष्ट" स्टेप्स टु क्राइष्ट" पृ. १७-२२, "द सब्जेक्ट प्रिजेन्टेड इन १८८३" सेलेक्टेड मेसेजज, बुक १को पृ. ३५०-३५४।

"सारा जगतका राजाले हामीहरूको निम्ति कस्तो त्याग गर्नुभयो भन्ने अर्थमूलक पूर्ण ज्ञान पाउन क्रुसमा चढाइएको मुक्तिदातालाई हेर्नुपर्दछ। क्रुसले नै परमेश्वरको मुक्तिको गुरू योजनालाई छर्लङ्ग पार्दछ र त्यसको महिमा देखाउँछ। क्रुसको सोचले नै हामीहरूको जीवनशैलीलाई पवित्र बनाउन जागरुत गराउँछ र पवित्र जोश र उमङ्ग ल्याउँदछ। हामीहरूप्रति मायाले गर्दा क्रुसमा होमीनुभएको थुमाप्रति र परमेश्वरप्रति हामीहरूको हृदय र ओठमा स्तुतिका आवाजहरू घन्किरहनेछन्। जब क्रुसका दृष्यहरू हामीहरूको दिमागमा पौडी खेलिरहन्छ तब घमण्ड, आफ्नो सम्मान वा इज्जत खोज्ने बानी र अहँ भावनाहरू हामीहरूका आत्मामा बढ्न दिनेछैन। जो मानिस मुक्तिदाताको अतुलनीय प्रेममा केन्द्रित भएर बस्दछ त्यो मानिसका विचार, हृदय र चरित्र तथा स्वभावहरू पवित्र भएर बसेको हुन्छ। त्यो मानिस संसारमा उज्यालो बत्ती भएर भिजिनेछ र उहाँको रहस्यमय प्रेमलाई देखाइरहनेछ। जति धेरै ख्रीष्टको क्रुसको बारेमा सोच्दछौं तब त्यति धेरै पावलको भाषालाई हामी प्रतिध्वनी गर्दै जानेछौं। उनले भनेका थिए, "हाम्रो प्रभु येशू ख्रीष्टको क्रुस बाहेक म कुनै कुरामा कहिलै फुर्ती गर्न चाहन्न। मैले भन्नुपर्दा त्यही क्रुसद्वारा यस संसारका मार्गहरू क्रुसमा टाँगिएका छन्। संसारले हेर्नुपर्दा त्यही क्रुसमा म पनि टाँगिएको छु।" (गलाती ६:१४ रूपान्तरित)।—एलेन जी ह्वाइट, द डिजाएर अभ एजेज, पृ. ६६१बाट रूपान्तरित।

## चिन्तनमननः

अ. मुक्ति वा मोक्ष परमेश्वरको उपहार हो। त्यसको अर्थ त्यो सित्तैंमा पाइने कुरो हो। तर त्यसो भन्दैमा के त्यसको मोल

परेन र? त्यो उपहारलाई ग्रहण गर्न कस्तो मोल चुकाउनु पर्दछ। त्यो मोल ठूलो हो तर त्यसको मूल्य अरूको तुलनामा किन उत्कृष्ट छ?

आ. मुक्ति परमेश्वरले चाल्नुभएको कदमको नतिजा हो भनेर हामीले यस पाठको दोस्रो बुँदामा हेरेका थियौं। हामीले मुक्ति पाउन परमेश्वरले हर प्रयास गर्नुहुन्छ। तर येशूले यो पनि भन्नु भएको थियो कि हामी परमेश्वरको राज्य र उहाँको धार्मिकताको खोजी अर्थात् चाहना गर्नुपर्छ (मत्ती ६:३३)। “साँगुरो ढोकाबाट पस्न कसरत गर" भन्ने उहाँको वचनले (लूका १३:२४ रूपान्तरित) हामीले मुक्तिको आवश्यकताको चाहना गर्नुपर्छ भनेर आभास् दिन्छ। यसलाई हामीले कसरी वाख्या गर्ने?

इ क्रुसमा ख्रीष्टको मृत्युले परमेश्वरको न्यायलाई कसरी खुलासा गरेको छ? फेरि त्यसै वखत परमेश्वरको दया, सदाशयता र करूणालाई कसरी प्रदर्शन गर्दछन्?

ई कतिपय मानिसहरूले अनन्त जीवन पाउन वा मोक्ष प्राप्त गर्न भरमग्दुर असल काम गर्न कोसिस गर्छन्, परमेश्वरका आज्ञाहरू अर्थात् व्यवस्थालाई नितिकुती सहित पालन गर्न प्रयास गर्दछन् र तिर्थयात्राहरू गर्दछन्, त्यसले पाप कतिको गम्भिर रहेछ भनेर कसरी देखाउँदछ? फेरि पाप कतिको खराब रहेछ जसबाट हामी मुक्ति पाउन केवल येशूको मृत्युमात्र आवश्यकता हुन गएको थियो?

उ धर्मपरायण यहूदीहरूले अनन्त जीवनको स्वाद सब्बथले दिलाउँछ भनेर मानन्दछन्। सब्बथको बारेमा गरिएको त्यस धारणा केही हदसम्म हामीहरूको निम्ति किन उचित भएको देखाउँछ?